म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४७ | सोमबार ९ साउन २०७९ | ने. सं. ११४२ दिल्लागा | 25 July, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा एक वर्षमा ६ हजारले लिए राहदानी

हेटौंडा, ८ साउन (रासस)/ जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट एक वर्षमा साढे ६ हजार बढी व्यक्तिले राहदानी लिएका छन् । प्रशासन कार्यालयबाट गत आर्थिक वर्ष २०७८/७९ मा ६ हजार ५३२ जनाले राहदानी लिएका छन् ।

विभागबाट प्रिन्ट भएर आएका ४१५ वटा राहदानी भने वितरण हुन बाँकी रहेको मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले जानकारी दिए । कार्यालयले विभागबाट बनाउने गरी ६ हजार ९४७ राहदानीमा साधारण सिफारिस गरेको छ भने चार हजार १३८ द्रुत सिफारिस गरेको छ ।

कार्यालयले अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा ३ हजार ५२४ राहदानी वितरण गरेको थियो । जसमा ८५० वितरण हुन बाँकी रहेका राहदानी थिए । सो आर्थिक वर्षमा चार हजार ३७४ राहदानीमा कार्यालयले साधारण सिफारिस गरेको थियो भने दुई हजार ९५१ द्रुत सिफारिस गरेको थियो ।

# प्रेस युनियन महाधिवेशन: अध्यक्षमा लम्साल निर्वाचित




साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ नेपाली कांग्रेस निकट नेपाल प्रेस युनियनको केन्द्रीय अध्यक्षमा शिव लम्साल निर्वाचित भएका छन् । लम्सालले अनिता बिन्दुलाई पराजित गरेका छन् ।

हेटौंडामा भएको नवौं महाधिवेशनबाट निर्वाचित युनियन अध्यक्ष लम्साल संस्थापन इतरको समूह शेखर कोइराला पक्षका हुन् । उनका प्रतिद्वन्द्वी बिन्दु संस्थापन पक्ष सभापति शेरबहादुर देउवा पक्षकी हुन् । लम्साल ८ वर्षअघि पोखरामा भएको महाधिवेशनमा संस्थापन पक्षका बद्री सिग्देलसँग अध्यक्ष पदमा पराजित भएका थिए । उनले दोस्रो प्रयासमा सफलता हात पारेका छन् । लम्सालको विजयसँगै युनियनमा संस्थापन पक्षको दबदबा तोडिएको छ । लम्साल ७ सय ३५ मतसहित विजयी हुँदा बिन्दुले ६ सय १२ मत पाइन् । अध्यक्ष पदको अर्का उम्मेदवार भुवन भट्टले १९ मत पाए ।

यसैगरी, हेटौंडा महाधिवेशनबाट पदाधिकारीमा अधिकांश संस्थापन इतरका उम्मेदवार विजयी भएका छन् । युनियनको वरिष्ठ उपाध्यक्षमा संस्थापन इतर समूहको लम्साल प्यानलका प्रेम केसी निर्वाचित भएका छन् । उनले संस्थापन पक्षका सरोज अधिकारीलाई पराजित गरे । केसिले ६ सय ८५ मत ल्याएर विजयी हुँदा अधिकारीले ६ सय ६५ मत ल्याएका छन् । खुला उपाध्यक्षमा संस्थापन र इतर समूहबाट मिश्रीत नतिजा आएको छ । उपाध्यक्षमा इतरको पक्षको नकुल अर्याल ७ सय ७५ मत ल्याएर निर्वाचित भए ।

खुला उपाध्यक्षमै संस्थापन पक्षका भिष्मराज ओझा ६ सय ४० मतसहित बिजयी भए । उपाध्यक्षमा मकवानपुरका राममणि दाहाल पराजित हुन पुगेका छन् । दाहाल संस्थापन इतर समूहका थिए ।

उनले ५ सय ९५ मत पाउँदा अर्का प्रतिस्पर्धी शेखर रेग्मिले ३ सय ९५ मत पाए । प्रदेश १ तर्फको उपाध्यक्षमा डिल्लिराम खतिवडा, मधेश प्रदेशतर्फको अनिल कर्ण, बागमतितर्फकोमा मुरारी अधिकारी, गण्डकीतर्फकोमा ऋषिकान्त पौडेल, लुम्बिनी तर्फकोमा माधव पौडेल, कर्णालीतर्फ राजेन्द्र बहादुर कार्की र सुदुरपश्चिमतर्फ प्रेम चुनारा विजयी भए ।

युनियनको महासचिवमा संस्थापन इतर समूहका दिलिप पौडेल निर्वाचित भएका छन् । उनले संस्थापन पक्षका जगननाथ दुलाललाई पराजित गरेका छन् । पौडेलले ८ सय ७८ मत पाउँदा दुलालले ४ सय ५१ मत मात्रै पाए ।

तीनजना खुला उपमहासचिवमा युवराज गौतम, कमल पन्त र रबिन्द्र सुवेदी विजयी भए । दुइजना महिला उपमहासचिवमा सस्थापन पक्षको दिलिपा श्री अधिकारी र सुलोचना गौतम विजयी भए ।

समावेशी उपमहासचिवमा अभय कुमार राई विजयी भएका छन् । उनले पवन श्रेष्ठलाई पराजित गरेका हुन् । ४ जनाको खुला सचिवमा केदार प्रसाद दाहाल,खगेन्द्र भण्डारी, भुवन शर्मा र तिर्थराज बस्नेत विजयी भए ।

तीनजना महिला सचिवमा मेनुका ढुंगाना, पुस्पा शर्मा र रेजिना गौतमले जित हात पारे । मधेशी सचिवमा अजित तिवारी, दलित सचिवमा राजन रुचाल, पिछडिएको क्षेत्रको सचिवमा एलपि देवकोटा, खस आर्यको सचिवमा युवराज रेग्मी, रेडियोतर्फको सचिवमा नरहरी सापकोटा, छापातर्फको सचिवमा राधा खनाल र कोषाध्यक्ष पदमा संस्थापन पक्षका माधव धिताल विजयी भएका छन् ।

## थप ३४७ जनामा संक्रमण पुष्टि, दुईको मृत्यु

काठमाडौँ, ८ साउन (रासस)/ देशभर पछिल्लो २४ घण्टामा थप ३४७ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने दुई जनाको संक्रमणका कारण मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा तीन हजार ८८८ जनाको नमूना परीक्षण गरिएको थियो ।

दुई हजार ३६० जनाले पीसीआर र एक हजार ५२८ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । सो अवधिमा ९५ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ६८ हजार ४८९ पुगेको छ । संक्रमणमुक्त हुने दर ९८ दशमलव पाँच प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ७८ हजार २२८ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । हाल सक्रिय संक्रमितको संख्या तीन हजार १७७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९५६ पुगेको छ । होम आइसोलेशनमा तीन हजार ३५, संस्थागत आइसोलेशनमा १४२, आईसीयू २२ र भेन्टिलेटरमा दुई जना संक्रमित रहेका छन् ।

हाल ५०० बढी सक्रिय संक्रमित भएका जिल्लामा काठमाडौँ, २०० भन्दा बढी सक्रिय संक्रमित रहेका जिल्लाहरूमा ललितपुर र मोरङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार ७६३, ललितपुर ३१३ र भक्तपुरमा ८९ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ । कूल संक्रमण दर १७ प्रतिशत रहेको छ । प्रति १० लाख जनसंख्यामा मृत्युदर ४०९ दशमलव पाँच रहेको छ ।

# व्यवहारिक शिक्षा दिन भवन

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ मकवानपुरगढी गाउँपालिकाको २ नम्बर वडास्थित छाप क्षेत्रका बालबालिकालाई व्यवहारिक शिक्षा दिन तीन कोठे भवन तयार भएको छ ।



विद्यालयमा औपचारिक शिक्षासँगै व्यवहारिक शिक्षा प्रदान गर्न बालबालिकामैत्री तीन कोठे भवन निर्माण गरेर आइतबार विद्यालयलाई हस्तान्तरण गरिएको छ । विद्यालय शिक्षा नीति तथा अभ्यास केन्द्र काठमाडौंको पहलमा बेल्जियमबाट आएका आर्किटेक्चर विद्यार्थीहरुको श्रमदानबाट निर्माण भएको हो ।

बेल्जियमको विकास एसोसिएसन एनपीओ, वास्तुकला विभाग केयुल्युभन र पूर्वीजलान्दर प्रदेशबाट आएका आर्किटेक्चरहरुले ४ वर्ष अगाडि व्यवहारिक शिक्षा प्रदान गर्ने विद्यालय भवन निर्माण सुरु गरेका थिए ।

छापस्थित कालिदेवी प्राविलाई आइतबार गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, वडा अध्यक्ष बखानसिं पाखिन र विद्यालय शिक्षा नीति तथा अभ्यास केन्द्रका कार्यकारी निर्देशक टीका भट्टराईले संयुक्तरुपमा भवन हस्तान्तरण गरेका हुन् ।

भवनको साँचो विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्णबहादुर भोक्तान र विद्यालयका प्रधानाध्यापक केशव देवकोटालाई प्रदान गरिएको हो । भवन करिब ५० लाख रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको विद्यालय शिक्षा नीति तथा अभ्यास केन्द्रले जानकारी दिएको छ । गाउँमै उपलब्ध काठ, बाँस, माटो, ढुंगालगायत सामग्रीसहित सिमेन्ट, फलाम, सिसा प्रयोग गरेर भवन बनाइएको छ ।

भवनको संरचनालाई काठको कलात्मक शैलीमा ढालिएको छ । बेल्जियमबाट आएका आर्किटेक्चर विद्यार्थीहरुले इट्टा पनि गाउँमै निर्माण गरेका थिए । भवन निर्माणमा बेल्जियन विद्यार्थीसँगै स्थानीयको श्रमदान परेको छ । केन्द्रका कार्यकारी निर्देशक भट्टराईका अनुसार भवन निर्माण गर्दा करिब ७ लाख रुपैयाँ गाउँका स्थानीयले श्रम गरेर कमाएको बताए । 'हामीले भवन निर्माण भइसक्दासम्म गाउँबाट बाहिर पैसा नजाओस् भन्ने उद्देश्य राखेका थियौं । गाउँमै सबै निर्माण सामग्री नपाइए पनि सम्भव भएसम्म गाउँमै उपलब्ध सामग्री प्रयोग गरिएको छ', भट्टराईले भने ।

तीन वटा कोठामध्ये बालबालिकालाई शैक्षिक सामग्री प्रदर्शनीसँगै कथा सुनाउने कक्ष निर्माण गरिएको छ । एउटामा गाउँमा उत्पादिन कृषि उपजबारे जानकारी दिइने र अर्को कोठामा र हनसहनसँगै वातावरण अनुकूल चुल्हो राखिएको छ । बालबालिकाले औपचारिक शिक्षासँगै व्यवहारिक शिक्षा लिनुपर्ने महत्वपूर्ण भएकाले उनीहरुलाई व्यवहारिक बनाउन यो विधि अपनाइएको भट्टराई बताउँछन् । भवनको अगाडि अभिभावकहरु आएर सामूहिकरुपमा बस्न मिल्ने गरी संरचना बनाइएको छ । भवन भूकम्प प्रतिरोधी छ । तीन वटै कोठामा घामको उज्यालो र प्राकृतिक हावा निरन्तर प्रवाह हुने गरी भवन निर्माण गरिएको छ ।

बालबालिकाहरुलाई लक्षित गरी सहजसँग बस्न मिल्ने गरी काठको कुर्सी तयार गरिएको छ भने प्रत्येक कोठामा करिब एक मिटर उचाईसम्मको बालमैत्री टेबल राखिएको छ ।

गाउँपालिका अध्यक्ष स्याङ्तानले बालबालिकालाई औपचारिक शिक्षासँगै व्यवहारि शिक्षा प्रदान गर्नु महत्वपूर्ण पक्ष रहेको बताए । उनले व्यवहारिक शिक्षाले नै विद्यार्थीको लगनशीलतामा मद्दत पुग्ने उनको भनाइ छ । व्यक्तिको आनीबानी राम्रो बनाउन शिक्षा दिनुपर्ने बताउँदै उनले फोहार विस्थापन गरेर गाउँसमाजलाई सफा र सुन्दर बनाइराख्न व्यवहारिक शिक्षा दिनुपर्ने बताए । मकवानपुरगढी-२ का वडाध्यक्ष पाखिनले औपचारिक र व्यवहारिक शिक्षालाई गुणस्तर बनाउनु पर्नेमा जोड दिए ।

# एमालेको बिरोधले विधेयकमाथिको छलफल रोकियो




साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेश सरकारद्वारा पेश भएका दुई विधेयकमाथि गम्भीर लापरबाही भएको भन्दै एमालेले विरोध जनाएका कारण विधेयकमाथिको छलफल रोकिएको छ ।

आइतबारको प्रदेशसभा बैठकमा सरकारको तर्फबाट मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि छलफल गर्न पेश गरेका थिए ।

विधेयक छलफलका लागि प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको थियो । उक्त विधेयकमाथि छलफल गर्न आइतबार साँझ डाकिएको बैठकमा एमालेले बिरोध जनाएपछि बैठक नै स्थगित भएको हो ।

प्रदेश सरकारले पेश गरेको दुई विधेयकमा दुई वटा सदनको बारेमा चर्चा गरिएको छ । जबकी प्रदेशमा प्रदेशसभा एउटा मात्रै सदन हुने व्यवस्था छ । उक्त विधेयक संघीय सरकारको नक्कल गरेको भन्दै एमालेले लापरबाही भएको जनाएको हो ।

विधेयक लापरबाही र गैरजिम्मेवार पूर्णरुपमा प्रस्तुत गरिएको भन्दै एमालेका सांसद्हरुले राखेको बिचारलाई रोक्दै समिति सभापति माधव पौडेलले रुलिङ गर्न खोजेपछि एमालेले बैठक स्थगितको माग गरेको थियो । एमाले सचेतक दीपक निरौलाले विधेयकमा संवैधानिक व्यवस्थाको प्रतिकूल हुने गरी, दुई सदनको चर्चा गरिएको र स्थानीय तहको ऐनमा प्रदेश निजामती ऐन लेखिएको बताए । 'विधेयक कयौं कर्मचारीहरुको भविष्यलाई अन्धकार बनाउने, प्रदेश र स्थानीय तहका कर्मचारीहरुबीच मतभेत निम्त्याउने अस्थायी तथा करार कर्मचारीहरुलाई बेवास्ता गर्ने जस्ता कुराहरुको जड भएकोले यो लगभग पुनर्लेखन गर्नुपर्ने खालको छ', उनले भने ।

आइतबारको प्रदेशसभा बैठकमै एमालेले विधेयक सच्याउनु पर्ने माग गरेको थियो । मुख्यमन्त्री पाण्डेले विधेयक सच्याउने प्रतिबद्धता जनाएपछि बैठक पुन: सुचारु भएको थियो । 'समिति सभापतिले सरकारको अझ मुख्यमन्त्रीको पक्षमा र माननीय सदस्यको विपक्षमा रुलिङ गरेपछि त्यसको बिरोध गरेका हौं', एमाले सचेतक निरौलाले भने, 'प्रस्तुत विधेयकमा सामान्य त्रुटिमात्रै छैन । गम्भीर खालका कमजोरी देखिएका छन्', प्रस्तुत विधेयकलाई सत्तापक्षका समेत धेरै सांसद्हरुले संशोधनको माग गरेको निरौलाको दाबी छ ।

# झाँक्रीको घरबाट ठूलो परिमाणमा गाँजा बरामद



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ भीमफेदी गाउँपालिका बस्ने ५४ वर्षीय सोनामसिं रुम्बाको घरबाट मकवानपुर प्रहरीले ठूलो परिमाणमा अवैध लागूऔषध गाँजा बरामद गरेको छ ।

भीमफेदी-९ खादेगाउँ बस्ने खैबा झाँक्री भन्ने रुम्बाको घरबाट प्रहरीले एकसय ३१ किलो गाँजा बरामद गरेसँगै उनलाई पनि पक्राउ गरेको छ । विशेष सूचनाको आधारमा बागमती प्रदेश प्रहरी कार्यालय र प्रहरी चौकी नामटारबाट खटिएको संयुक्त प्रहरी टोलीले उनको घर तलासी गर्दा ७ वटा बोरामा राखिएको उक्त गाँजा फेला पारी बरामद गरेको हो । गाँजा बरामद भएपछि घरधनी रुम्बालाई हेटौंडा उपमहानगरपालिका-१० बसपार्कस्थित झारफुक केन्द्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । गाँजासहित रुम्बालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# मकवानपुर प्रहरी प्रमुखमा गौतम

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ जिल्ला प्रहरी कार्यालय मकवानपुरको प्रमुखमा प्रहरी उपरीक्षक बामदेव गौतम सरुवा भई आउने भएका छन् । प्रहरी प्रधान कार्यालयले मकवानपुरको प्रहरी प्रमुखमा गौतमको सरुवा गरेको हो ।



गौतमले यसअघि मकवानपुरकै प्रहरी नायव उपरीक्षक (डीएसपी) भएर कार्यभार सम्हालिसकेका छन् । गौतमसहित नेपाल प्रहरीका ११ जना प्रहरी उपरीक्षक (एसपी)को आइतबार सरुवा गरिएको छ । सात जिल्लाका प्रहरी प्रमुख परिवर्तन भएका छन् । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा प्रेमबहादुर बस्नेत, रौतहटमा वीरबहादुर बुढामगर, बारामा होबिन्द्र बोगटी, जिल्ला प्रहरी कार्यालय डोटीमा दीलिप घिमिरे, कास्कीमा अजय केसी र भक्तपुरको जिल्ला इञ्चार्जमा प्रतिज केसीलाई सरुवा गरिएको छ ।

यसअघि मकवानपुरको प्रहरी प्रमुखमा सुरेन्द्रबहादुर गुरुङ थिए । उनको एसपीबाट एसएसपीमा बढुवा भएसँगै सुरुवा पनि भएको थियो ।

कर्मचारी आवश्यकता T.V.S शोरुम

यस हेटौंडा अटो मार्ट प्रालिका लागि कर्मचारी आवश्यकता भएकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

Accountant: 1
Store keeper: 1

सम्पर्क फोन: ०५७-५२०४४६, ९८४५४५७०५१
सितल महलचोक-४



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रोजगारमूलक शिक्षा आवश्यक

वि.सं. २०४६ सालपछि अपनाइएको आर्थिक उदारीकरण र खुला बजार अर्थनीतिपछि मुलुकका विभिन्न आर्थिक सामाजिक क्षेत्रहरूमा निजी क्षेत्रको प्रवेश हुन पुग्यो । त्यसपछि उल्लेख्य फड्को मारिएका क्षेत्रहरूको नाम लिनु पर्दा शिक्षा पहिलो नम्बरमा आउँछ । सरकारी तहबाट प्रदान गरिएको विद्यालय शिक्षा गुणस्तरीय नभएको, लगानीको अनुपातमा उपलब्धि कमजोर रहेको सन्दर्भमा निजी क्षेत्रको प्रवेशले प्रतिस्पर्धात्मक ढंगले शैक्षिक गुणस्तर बढाउन सहयोग पुग्यो । गुणस्तरीय शिक्षा दिने चाहनाले गर्दा निजी विद्यालयहरू खोल्ने होड बढ्दै गयो । सहर-बजार र नगरोन्मुख क्षेत्रहरूमा निजी विद्यालयहरू खुल्न थाले, उच्च शिक्षामा प्रमाणपत्र तहलाई खारेज गरिएपछि उच्चमाध्यमिक तह (प्लस टू)का विद्यालयहरू पनि व्यापकरूपमा खुलिरहेकै छन् ।

दुई दशकको अवधिभित्र निजी क्षेत्रबाट शिक्षामा अर्बौं रुपैयाँ लगानी भइसकेको छ । यो क्रम अझै रोकिएको छैन । लगानी भएको ठाउँमा प्रतिफल खोज्नु निजी क्षेत्रको चरित्र नै हो । त्यही भएकाले नेपालको शैक्षिक क्षेत्र चरम व्यापारीकरण भएको आरोप बेलाबेलामा लाग्ने गरेको छ । केही ठूला भनिएका शैक्षिक संस्थाहरूले लिने गरेको शुल्कलाई हेर्दा यो आरोपलाई पुष्टि गर्ने पर्याप्त आधारहरू देखा पर्छन । बर्षेनि करोडौं आम्दानी गर्दै गएका शैक्षिक संस्थाहरू एकातिर छन् भने अर्कातिर शिक्षकहरूलाई न्यूनतम तलबसमेत खुवाउन नसक्ने साना शैक्षिक संस्थाहरूको व्यथा अर्कोतिर छ । कतिपय जिल्लाहरूमा आफ्नो भौतिक संरचनासमेत नभएका शैक्षिक संस्थाहरूलाई स्वीकृति दिइएका छन् । शैक्षिक कार्यक्रम सञ्चालनका लागि स्वीकृति लिएका शैक्षिक प्रतिष्ठानहरूले न्यूनतम मापदण्ड पूरा गरेका छन् कि छैनन भन्ने विषयमा शिक्षा विभाग र ऊमातहतका जिल्ला शिक्षा कार्यालयहरूले आवश्यक अनुगमन गर्न नसक्दा समस्या बढ्दै गएको छ ।

गुणस्तरीय शिक्षाले कुनैपनि देशको अर्थतन्त्रलाई कहाँ लैजाने भन्ने दिशानिर्देश गर्छ । भारतका हालका प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको मुख्यमन्त्री हुँदा गुजरातलाई शैक्षिक हब बनाउने प्रतिबद्धता गरेका थिए । सोहीअनुसार गुजरातमा विश्वविद्यालयहरूको स्थापनामा जोड दिइयो, मोदीका भाषामा गुणस्तरीय शिक्षक उत्पादनले समग्र शिक्षा प्रणालीकै सुधारमा योगदान दिन्छ । अहिले थुप्रै गुजरातीहरू उच्चशिक्षा अध्ययनका लागि अमेरिकी र बेलायती विश्वविद्यालयमा पुगेका छन् । विश्वका अति विकासित मुलुकहरू र अतिकम विकसित मुलुकहरूको शिक्षाको स्तर हेरौं, आकास-जमिनको फरक देख्न पाइन्छ । पूँजी मूलत: दुई किसिमको हुन्छ, पहिलो मानवीय पुँजी र दोस्रो भौतिक पूँजी । मानवीय पुँजीको विकासका लागि शिक्षा अपरिहार्य पक्ष हो । दक्ष जनशक्ति अभाव राष्ट्रिय विकासको बाधक हो । यदि हामीले दक्ष जनशक्तिको विकास गर्ने हो भने शिक्षामा विशेष ध्यान दिनै पर्छ । अब रोजगारमूलक शिक्षामा जोड दिनैपर्ने अवस्था आइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १० गते मंगलबार २६ जुलाई २०२२ । श्रावण कृष्णपक्ष त्रयोदशी । दिल्लागा ११४२ । सूर्योदय: ५:२४, सूर्यास्त: ६:५५ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कल्याणकारी कार्यको अवसर मिल्नेछ | तुला | : साथीभाईमा मनमुटाव हुनेछ |
| वृष | : व्यापार-व्यवसाय सामान्य रहनेछ | वृश्चिक | : धार्मिक कार्यबाट प्रगति हुनेछ |
| मिथुन | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | धनु | : सहयोग गर्ने भावना आउनेछ |
| कर्कट | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | मकर | : यात्राको लागि सुखद देखिन्छ |
| सिंह | : सवारी साधनबाट क्षति हुन सक्नेछ | कुम्भ | : रमाइलोको समय रहेको छ |
| कन्या | : व्यापारमा नयाँ योजना बन्नेछ | मीन | : शरीरमा समस्या देखिन सक्नेछ |

# थ्रेसहोल्डको ह्याङओभर कहिलेसम्म ?



वृषेशचन्द्र लाल

> थ्रेसहोल्ड नलगाइएको कारण संविधानसभाको निर्वाचनपछि १८-२० हजार मत जम्मा गरेका दलले पनि एक सिट प्राप्त गरी संसदीय दलको नेताको सुविधा लिएका थिए अथवा एक सिटे दलको संख्या नै दश थियो । दश सीट भन्दा थोरै प्रतिनिधित्व भएका दलहरुको संख्या नै थप एक दर्जन थियो ।

थ्रेसहोल्डको बारेमा आख्यान दिने विज्ञहरूले सामान्यतया दिने तर्क हो 'स्थिरतालाई प्राथमिकता ।' उहाँहरूले भन्ने गरेको यस्तो स्थिरताको अर्थको अन्तर्य राज्य सञ्चालन तथा त्यससँग सम्बन्धित क्रियाकलापमा यथास्थितिसँग मात्र जोडिएर सीमित रहेको हुन्छ ।

सत्तामा रहेकाहरूलाई सघाउने स्थिरता नै यहाँनेर देशको लक्ष्य र प्राथमिकताको रूपमा परिभाषित गरिएको हुन्छ । आफूले मन पराएको शासक वा शासक समूहको स्थिर शासनले यस्ता विज्ञहरू स्थिरतापूर्वक स्वार्थलाभ गरिरहने अवसर पाउने हुँदा यस किसिमको स्थिरताको पक्षमा विभिन्न तर्क दिनु स्वाभाविक पनि हो ।

तर गुदी कुरा के हो भने, यदि शासनले जनताको आकांक्षा अनुरुपको उत्पादन दिइरहेको छैन भने त्यस्तो शासकीय स्थिरताको अर्थ बेइमानी हुन्छ । त्यसैले यस्तो स्थिरताको पक्षपोषण पनि जनता र देशको दृष्टिले पूर्णत: बेइमानी नै हुन जान्छ । यस्तो मानसिकताले देशमाथि थोपरिएको कुनै पनि दिशा देशलाई समग्रमा विकृतितिर धकेल्नुभन्दा अरु थोक दिन सक्दैन ।

हाम्रो जस्तो मुलुकमा विज्ञहरूले भन्ने गरेको स्थिरताको गुह्य अर्थ वास्तविक राजनीतिक स्थिरतासँग मेल खाँदैन । राजनीतिक स्थिरता भन्नाले कुनै शासनको निरन्तरता वा लामो अवधिसँग मात्रै मतलब राख्दैन । त्यस अवधिभित्र जनताको आकांक्षाको विपरीत शासनको सञ्चालन नभई विद्रोह वा हिंसात्मक प्रतिकारको अवस्था नरहोस् भन्ने हो । यसको वास्तविक अर्थ राजनीतिक प्रणालीको कार्यपद्धति र त्यसबारे जनताको सन्तुष्टिसँग सम्बन्धित छ । अर्थात्, राजनीतिक स्थिरता भनेको त्यस्तो अवस्था हुन्छ, जहाँ राजनीतिक प्रणाली र त्यसबाट विकसित राजनीतिक संस्कृतिले प्रणालीको सञ्चालन, कार्यपद्धति र परिणाम उत्पादनबारे जनतामा समग्रमा सन्तोषको स्थिति सिर्जित गर्दछ । र, विद्रोह वा हिंसात्मक प्रतिकार जन्य अवस्था उत्पन्न हुन दिँदैन । यसका निमित्त जनताले चाहे जसरी समावेशी सहभागितामूलक प्रतिनिधित्वमार्फत् लोकतन्त्रको अभ्यास र विधिको वास्तविक शासन निर्विकल्प रूपमा अनिवार्य बन्न जान्छ ।

नेपालमा थ्रेसहोल्ड घुसाउने काम पछिल्लो कुरासँग गाँसिएर भएको होइन, खास खास राजनीतिक दल र विद्यमान शासक समूहको शासनोपस्थितिलाई स्थायित्व प्रदान गरिरहने नियतपूर्ण प्रयत्नको कडीको रूपमा नै थ्रेसहोल्डको प्रयोग नेपालमा घुसाइएको हो । पञ्चायतकालमा प्रतिनिधित्वको चयनमा अरु बारछेक काम नलाग्न थालेपछि गाउँफर्क राष्ट्रिय अभियानको भूमिका बढाइनुमा यस्तै भित्री उद्देश्य रहेको थियो । जनतामा स्पष्टत: देखिन थालिएको राजनीतिक दलहरूको आवश्यकताको अनुभूतिको रापलाई रोक्ने र पञ्चे राजनीतिक शक्तिबाहेक अरुलाई जहाँसम्म सम्भव हुन्छ, उम्रिन नै नदिने जुक्तिको रूपमा गाउँफर्क राष्ट्रिय अभियानको नयाँ संस्करण निकालिएको थियो ।

२०४६ सालको राजनीतिक परिवर्त्तन अर्थात् पञ्चायतको पतनपछि सत्तारुढ दलहरुको सोच र दिशा देश निर्माण अभियानभन्दा पनि सत्ता कब्जाको मानसिकतातिर मोडियो । पञ्चायतको पतनपछि सत्तामा पुगेका शक्तिहरु संसदीय बहुदलीय प्रणालीप्रति प्रतिवद्धता जनाए पनि मुलुकलाई त्यतिखेरदेखि नै द्विदलीय शासन प्रणालीतिर सोझ्याउन चाहन्थ्ये । नयाँ दलहरू स्थापित दलहरुको विकल्पको रूपमा विकसित नै हुन नपाऊन् भन्ने नै तिनको ध्येय थियो ।

राजनीतिक व्यवस्थाभित्र कुनै कुरा छिराउँदा त्यसको आवश्यकता छ, छैन भन्ने कुराको जाँचै नगरिकन वा त्यस अनुरुपको पूर्वाधार र अवस्था राजनीतिक प्रणालीले प्राप्त गरिसकेको छ, छैन भन्ने कुराको निर्क्योल नै नगरी प्रयोग गर्दा अधिकांश परिणाम प्रतिकूल नै हुने गर्छ । नेपालको थ्रेसहोल्ड सम्बन्धि व्यवस्था यी सबै कुरालाई विचार गरेर ल्याइएको देखिन्न ।

थ्रेसहोल्ड नलगाइएको कारण संविधानसभाको निर्वाचनपछि १८-२० हजार मत जम्मा गरेका दलले पनि एक सिट प्राप्त गरी संसदीय दलको नेताको सुविधा लिएका थिए अथवा एक सिटे दलको संख्या नै दश थियो । दश सीट भन्दा थोरै प्रतिनिधित्व भएका दलहरुको संख्या नै थप एक दर्जन थियो । ६०१ सदस्यीय संसदमा तीन ठूला दलसहित ८ दलको सिट संख्यामात्रै दोहोरो अंकमा थियो जस्ता कुराहरु देखाइ संविधान निर्माणपछि पुन: थ्रेसहोल्ड घुसाइएको छ ।

माथि भनिएका कुराहरुले नै थ्रेसहोल्ड नहुँदा साना दलहरूको र त्यसकारणले साना समूहहरूको समेत प्रतिनिधित्व हुन सकेको थियो भन्ने तथ्य स्वत: स्पष्ट हुन्छ । अहिले यस्तो प्रतिनिधित्व बलात् रोकिएको छ । अधिकांश स्थितिमा साना दलहरू साना समूहका प्रतिनिधित्व गरिरहेका थिए र ती दलहरूबाट निर्वाचित प्रतिनिधिहरू ती साना समूहका वास्तविक निर्वाचित प्रतिनिधि थिए ।

थ्रेसहोल्डको कारणले साना दलहरु समाप्त हुने स्थितिमा मात्र पुगेनन् कि आदिवासी जनजाति, पिछडिएका वा दलितहरुको समूहको प्रतिनिधित्व गराउने नियन्त्रण ठूला अर्थात् स्थापित दलहरुको हातमा पुग्यो ।

आसेपासेले ग्राह्यता पाए । समावेशी एवं समानुपातिक प्रतिनिधित्व पार्टी र नेताहरूको आम्दनीको श्रोत बन्न पुग्यो । परिणामस्वरुप समानुपातिक समावेशिताको वास्तविक चरित्र एवं प्रकृति नै ओझेलमा ढकेलियो । मुलुकको सम्पूर्ण राजनीतिक अभ्यास र त्यसको चरित्र विषाक्त हुन पुग्यो । अब त दल र दलका नेताहरू निर्वाचनको निमित्त उम्मेदवार छान्ने प्रक्रियामा समेत आम्दनीको यस व्यापारलाई घुसाउन सफल भएका छन् । राजनीतिक दलहरूमा राजनीतिक पृष्ठभूमि र संघर्ष भएका विशुद्ध राजनीतिक कार्यकर्ताहरु तीव्र गतिमा पाखामा पुऱ्याइने गरिएको स्थितिको असली कारण पनि यही हो ।

थ्रेसहोल्डले गर्दा दलहरू समूह बनाउन, एकतावद्ध वा विलिन हुन बाध्य हुन्छन् र निर्वाचनको व्यवस्था गर्न सजिलो हुन्छ जस्ता तर्कहरु पनि दिने गरिएको छ । यस्ता तर्क निर्वाचनपछि राज्य संचालनमा अहिलेसम्म हावी रहेका समूह र स्थापित शक्तिलाई सरकार बनाउने खेलमा सुगम होस् र जोडतोड गर्न सजिलो रहोस् भन्ने मानसिकताले नै गढिएका हुन् ।

राजनीतिक दलहरुलाई समूह बनाउन वा एक अर्कामा विलिन गर्न बाध्यकारी अवस्था सिर्जित गरिनुपर्ने अन्य कुनै ठोस विश्वासप्रद आवश्यकता देखिन्न । थ्रेसहोल्डको कारण संघीय संसदमा राजनीतिक दलहरुको संख्या घटेको छ तर त्यसले देशलाई निश्चित गति वा वाञ्छित दिशामा अग्रसर गराउने राजनीतिक स्थायित्व बिल्कुलै दिन सकेको छैन ।

संघीय संसदमा विभिन्न समूह र क्षेत्रको समानुपातिक प्रतिनिधित्वको अवस्था संख्यामा ठीक होला तर समावेशिताको दृष्टिले जनअनुमोदित प्रतिनिधित्व भने कमजोर भएको छ । साना समूहहरूको प्रतिनिधित्व, नयाँ विचारको अभ्यास आदिमा अवरोध खडा गर्दै थ्रेसहोल्डले समावेशी लोकतन्त्रको मूल मर्म नै संकुचित पारिदिएको छ ।

समानुपातिक प्रतिनिधित्वमा थ्रेसहोल्ड काटेर पुगेका दलहरुका शीर्ष नेताहरूका आसपासे, थैली दिन तम्तयार अकूत सम्पत्ति कमाएका र त्यसको सुरक्षा गर्न सामाजिक, राजनैतिक प्रतिष्ठाका खोजीमा रहेकाहरू अथवा पहिलेदेखि सरकार निर्माणको सन्दर्भमा समर्थन गर्ने तमसुक गरेकाहरू बढी पुग्न थालेका छन् ।

निर्वाचन गर्न सजिलो हुन्छ भन्ने तर्क पनि कसौटीमा खरो उत्रिन सकेको छैन । लामो मतपत्रको समाधान निकाल्न सकिएको छैन । निर्वाचन आयोगले इलेक्ट्रोनिक मतदानलाई पर पर सार्ने काम मात्र गरिरहेको छ । सरकार परिवर्तन र निर्माणमा धेरथोर सजिलो जरुर भएको देखिन्छ तर त्यसको कुनै तात्विक लाभ मुलुक वा जनतालाई प्राप्त भएको छैन । सरकार अपेक्षाकृत लामो समयसम्म चलेको देखिए पनि नीति र सहज संचालनमा स्थिरता रहेको देखिन्न । दीर्घकालीन नीतिहरू विवादस्पद र अनिर्णयकै अवस्थामा रहने गरेका छन् । समग्रमा अस्थिरता घट्नुको सट्टा बढेकै छ । निर्वाचनमा स्पष्ट बहुमत पाएको सरकार पनि आफूसहित देशलाई नै तहस नहस हुने गरी हल्लिएर खसेकै छन् ।

थ्रेसहोल्डको वर्त्तमान व्यवस्थाले नेपालको संविधानको प्रस्तावनामा भनिएको 'जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक प्रणाली' भन्ने मूल प्रतिवद्धताको मर्म र भावनाको ठाडो उल्लंघन हो । संविधानको धारा २६९ को (१) को भावनाको पनि प्रतिकूल हो । दल गठन हुने बित्तिक्कै कुनै पनि दलले जनताको समर्थनको हिसाबले खास शर्तहरू पूरा गरी हाल्ने भन्ने कल्पना वा सोच नै अनुचित हो ।

स्थापित र आकारमा ठूला दलको सीधा विभाजनले मात्र यस्तो शर्तलाई भेट्न सक्दछ । यदि यही सोचले थ्रेसहोल्ड राखिएको हो भने पनि यो परिवर्तनको छेकवार नै रहेको झन प्रमाणित हुन्छ । राजनीतिक दल संचालित भएपछि दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न लाग्ने समयको बारेमा कुनै अन्दाज गर्न सकिन्न । समय धेरै लाग्यो या समय बढी लागेर पनि समर्थनको स्थिति उल्लेख्य भएन भन्दैमा कुनै राजनीतिक दलको विचारधारा, दर्शन र कार्यक्रम गलत छ भन्ने सोच ग्रहण गरी कानून बनाउनु कदापि उचित मान्न सकिन्न ।

निर्वाचन लोकतन्त्रको मूल स्तम्भाधार हो । जनताको मतदानको अधिकार र त्यस मतदानको आधारमा प्रतिनिधित्वको ग्यारन्टी नै यसको सार तत्व हो । यसको उल्लंघन भनेको जनताको मतदान र प्रतिनिधित्व छनौटको नैसर्गिक अधिकारको उल्लंघन हो । यदि गहिरिएर विचार गर्ने हो निर्वाचनको हरेक पद्धति स्वाभाविक थ्रेसहोल्ड आपसेआप लागू गरेको हुन्छ । पहिलो हुने निर्वाचित हुने पद्धतिमा पहिलो हुनेभन्दा कम मत प्राप्त गर्ने त्यस स्वाभाविक थ्रेसहोल्डले नै पराजयलाई स्वीकार गर्दछन् ।

समानुपातिक निर्वाचन पद्धतिको विकास पहिलो हुने निर्वाचन पद्धति अन्तर्गत प्रतिनिधित्व छान्न नसकेका मतहरूको सम्मान र तिनको प्रतिनिधि छान्ने अधिकारको सम्भवसम्म सुनिश्चितताको प्रयासकै सन्दर्भमा भएको हो । समानुपातिक निर्वाचन पद्धतिमा एउटा सीटको निमित्त चाहिने समानुपातिक मत संख्या नै त्यस पद्धतिद्वारा स्वत: लागू गरिएको स्वाभाविक थ्रेसहोल्ड हो ।

यसमाथि फेरि कम्तीमा एक सीट पहिलो हुने पद्धतिबाट र कुल सदर मतको ३ प्रतिशतको प्राप्त गर्नैपर्ने शर्त राखेर मतदाताको प्रतिनिधि छान्ने अधिकारको सुनिश्चितताको अपमान गरिएको छ । मतदाताले निश्चित उम्मेदवारलाई ध्यानमा राखेर मत प्रदान गरेको हुन्छ । त्यसरी प्राप्त मतलाई विभिन्न जालझेल र नियन्त्रित विधि व्यवस्थापनको षड्यन्त्रबाट निरस्त्र गरी वर्चस्व कायम राख्न केही दलहरुबीच बाँफाँटको व्यवस्था सरासर अन्याय हो । निर्वाचनको मर्म र मतदाताको अधिकारको तिरस्कार हो ।

पहिलो हुने पद्धतिको निर्वाचनमा फैलिएको पैसा, जात, जालझेल र पदको प्रभाव प्रयोग गर्ने विकृतिले गर्दा नयाँ र साना दलहरू विचार, दर्शन वा कार्यक्रमको आधारमा अभ्यासरत रहन तथा विकसित हुन पाइरहेका छैनन् । सजिलै नभेटिने ठूला चुनौतीको सामना तिनको नियती हुन पुगेको छ । संसदीय अभ्यास वा राज्य संचालनको प्रक्रियामा सहभागिताको बाटो नै बन्द गरिएको छ ।

त्यसकारण नेपालमा अहिले अपनाइएको मिश्रित निर्वाचन प्रणालीमा थ्रेसहोल्ड बहुदलीय लोकतन्त्रको वाञ्छित विकासको सन्दर्भमा बिल्कुलै उपयुक्त छैन । यसको विरोधमा नयाँ र साना दलहरू खास गरेर जातीय समूह, विविधतायुक्त राष्ट्रियता र क्षेत्रीय स्वशासन, राजनीतिमा विधिको शासन एवं पारदर्शिताको निमित्त गठित भएका दलहरू एकजुट हुनु अत्यन्त जरुरी भएको छ ।

निर्वाचनको क्रममा साना दलहरुबीच गठबन्धन त्यति सहज ढंगले सम्भव न होला तर थोरै सीट लिएर भए पनि संसदमा उपस्थितिले सुधारको स्वर र सम्भावनालाई निश्चय नै मजबूत गर्नेछ । यसले त्यस्ता दलहरुलाई आफ्नो विचार, दर्शन, कार्यक्रम र सोचलाई जनतासमक्ष सम्प्रेषणको राम्रो अवसर प्रदान गर्नेछ । त्यसकारण, थ्रेसहोल्डको विरोधमा सबै एकजुट होऔं । निर्वाचन तथा प्रतिनिधित्वको पद्धतिलाई अनावश्यक बदनियत ढंगले थोपरिएको थ्रेसहोल्ड जस्तो अवरोधबाट मुक्त गरौं ।

*लेखक तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष हुन् ।* *- साभार: रातोपाटी*

# निर्यात प्रवर्द्धन योजना कागजमा सीमित



के.बी. बस्नेत



नेपालमा योजनाबद्ध विकासको थालनी वि.सं. २०१३ सालदेखि भए तापनि निर्यात व्यापार प्रवर्द्धनको प्रयास चौथो योजनादेखि मात्र भएको हो । त्यसैले हालसम्म पनि उक्त व्यापारको ठोस विकास हुन सकेको छैन । प्रथम योजनाको उद्देश्य र प्राथमिकतामा वैदेशिक व्यापारको बारेमा उल्लेख नभए पनि दोस्रो योजना अवधिसम्म नेपालको वैदेशिक व्यापार सन्तुलन यहाँको पक्षमा भएको थियो । वि.सं. २०२०/०२१ को दोस्रो योजनाकालमा यस देशको पक्षमा ३ करोड रुपैयाँ व्यापार नाफा सन्तुलनमा थियो ।

तेस्रो योजनामा वैदेशिक व्यापारमा विविधता ल्याउने कुरा उल्लेख गरिएको थियो । परन्तु यसलाई प्राथमिकतामा नराखिएकाले प्रगति भएन । चौथो योजनामा व्यापार विविधीकरण र विस्तारलाई विशेष महत्त्व दिइएको थियो । यसै योजनामा तत्कालीन सरकारले निर्यात बढाई व्यापारघाटा कम गर्न व्यापार प्रवर्द्धन केन्द्र स्थापना गऱ्यो । तर, दु:खको कुरा त के छ भने यहाँको व्यापारघाटा कम गर्न नसक्नाले हालसम्म पनि अर्थतन्त्रमा नकारात्मक प्रभाव परेको छ ।

पाँचौं योजनाका उद्देश्यमा यहाँको व्यापार तथा वाणिज्यको सम्बन्धमा उल्लेख नागरिए पनि प्राथमिकतामा वाणिज्य क्षेत्र समेटिएको थियो । योबाहेक विगतमा छिमेकी राष्ट्र भारतमा केन्द्रित व्यापारलाई न्यून गर्न व्यापार विविधीकरणलाई जोड दिइएको थियो ।

छैटौं योजनामा निर्यात व्यापारको कुरा उल्लेख नभए पनि नीतिमा यसको विकासमा जोड दिइएको थियो । तर, उक्त नीति कार्यान्वयन नहुनाले यस सम्बन्धमा खासै प्रगति भएन । सातौं योजनाका उद्देश्य र प्राथमिकतामा वाणिज्य क्षेत्रको विकास गर्ने कुरा उल्लेख गरिएन । तर, यस योजनाका नीतिमा निर्यात व्यापार प्रवर्द्धन गर्ने कुरा गरिए पनि ठोस उपलब्धि हासिल गर्न सकिएन ।

आठौं योजनाको प्रमुख लक्ष्यमा व्यापार क्षेत्रको विकासमा जोड दिइएको थियो, जुन पूरा गर्न लाभदायक तथा निर्यात मूलक कृषि उपजहरूको व्यवसायीकरण र विविधीकरणमा जोड दिए पनि खासै सफलता प्राप्त गर्न सकिएन ।

नवौं योजनामा पनि निकासी व्यापार लाई प्रोत्साहन दिन व्यापार विविधीकरणलाई जोड दिइएको थियो । परन्तु यसलाई व्यवहारमा उतार्न भने सकिएन । यही कारणले आजसम्म पनि नेपालको अधिकांश व्यापार छिमेकी राष्ट्र भारतसँग हुन्छ ।

दसौं योजनामा १२ क्षेत्रको विकासमा विशेष जोड दिइएको थियो, जसमध्ये व्यापार प्रवर्द्धन पनि एक हो । यसका लागि नीतिनियम बनाइए पनि कार्यान्वयन भने यथोचित किसिमबाट गर्न सकिएन । एघारौं अन्तरिम योजना २०६४/०६५ देखि २०६६/०६७ सम्म सञ्चालन गरिएको थियो ।

यस योजनामा वाणिज्य नीति, २०६५ र नेपाल व्यापार एकीकृत रणनीति, २०१० ले पहिचान गरेका निर्यातयोग्य वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्ने, उत्पादनशील वस्तुहरू आयात गर्ने, मूल्य अभिवृद्धि र मूल्यश्रृंखला व्यवस्थापनमा जोड दिँदै निर्यात वृद्धि गर्न विशेष जोड दिइएको थियो । तर यो कामहरू व्यवहारमा उतार्न सकिएन ।

बाह्रौं त्रिवर्षीय योजना वि.सं. २०६७/०६८ देखि २०६९/०७० सम्म सञ्चालन गरिएको थियो । यस योजनामा विभिन्न क्षेत्रको विकासका लागि दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति र प्राथमिकता राखिएको थियो । तर, यिनीहरूमध्ये निर्यात व्यापारलाई विशेष प्राथमिकता दिई रोजगारी सिर्जना र आर्थिक वृद्धि गर्ने भनिएको थियो । यद्यपि यसलाई व्यवहारमा उतार्न भने सकिएन । तेह्रौं योजनामा पनि निर्यात व्यापारमा खासै प्रगति भएन ।

चौधौं योजना २०७३/०७४ देखि २०७५/०७६ सम्म सञ्चालन गरियो । यो योजनामा स्थानीय स्रोत तथा साधनहरू परिचालन गरी निकासी प्रवर्द्धन गर्ने लक्ष्य भए पनि पूर्ति गर्न सकिएन । वर्तमान पन्ध्रौं योजनामा यस सम्बन्धमा के-कस्तो प्रगति हुने हो, हेर्न बाँकी नै छ । -साभार: कारोबार डेली

# संरचना पुन:निर्माण र किसानलाई क्षतिपूर्ति दिलाउन सांसदको माग



काठमाडौँ, ८ साउन (रासस)/ सांसदहरुले विगतका वर्षमा वर्षाका कारण क्षति भएका संरचना पुन:निर्माण गर्न र सोही कारणले बालीमा क्षति पुगेका किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन सरकार समक्ष माग गरेका छन् ।

प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा शून्य समयमा बोल्दै सांसदहरुले संरचना पुन:निर्माण र निर्माणाधीन संरचना पूरा गर्न सरकारसँग माग गरेका हुन । सांसद् सीताराम महतोले बेमौसमी वर्षाका समयमा क्षति भए पनि किसानले क्षतिपूर्ति नपाएको बताए ।

गत वर्ष वर्षाका कारण सडक र पुल क्षति भएकामा पुल अझै बन्न नसकेको उनले औँल्याए । सांसद् बिमला विश्वकर्माले बेमौसमी वर्षाका कारण बालीनालीमा क्षति भएका नागरिकले क्षतिपूर्ति पाउनुपर्ने र क्यान्सर पीडित तथा मिर्गौलापीडितले सरकारले गरेको प्रतिबद्धताअनुसारको रकम नपाएको बताए । सांसद हरिराज अधिकारीले चितवनलाई गोरखा जोड्ने पुल पप्पु कम्पनीले अहिलेसम्म आठ दश प्रतिशत मात्रै काम गरेकाले चाँडो सम्पन्न गर्न माग गरे ।

सांसद सत्यनारायण खनालले पूर्व-पश्चिम राजमार्गको नारायणगढ-बुटवल सडकखण्डको अवस्था जटिल बन्दै गएको भन्दै त्यसको विषयमा गम्भीर हुन आग्रह गरे । सांसद शेरबहादुर तामाङले औद्योगिक क्षेत्रको योगदान पाँच प्रतिशतभन्दा कम भएको अवस्थामा निजीकरण गरिएको उद्योगको अवस्थाको विषयमा छानबिन गर्न माग गरे ।

सांसद लालबाबु पण्डित निर्वाचनको मिति घोषणा गर्न ढिलाइ गर्नुको कारणबारे सरकारसँग जिज्ञासा राखे । सांसद विद्या भट्टराईले प्रारम्भिक बालविकास कक्षामा कार्यरत शिक्षक र कर्मचारी बिहान ९ बजेदेखि अपरान्ह ५ बजेसम्म काम गरे पनि उनीहरुले तोकिएको तलबसमेत नपाएको बताए ।

सांसद वृन्दा पाण्डेले विश्वविद्यालय कतै तालाबन्दी कतै प्रश्नपत्र बाहिरनेलगायतका घटना क्रमले गर्दा अस्तव्यस्त भएको शिक्षा क्षेत्र व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याए । सांसद बिनाकुमारी श्रेष्ठले सिद्धार्थ राजमार्गमा राखिएको बुद्धमूर्ति तोडफोड भइरहेकाले गृह प्रशासनले कडा कारबाही गर्नुपर्ने औँल्याए ।

सांसद बिनादेवी बुढाथोकीले निर्वाचनको समयमा काम नहुने भएकाले अहिले नै भूमि आयोगले स्थानीय तहले जग्गा जाँच गरेका ठाउँमा पूर्जा वितरण गर्नुपर्नेमा जोड दिए । सांसद् शान्ता चौधरीले कमैया र कमलरीको पुन:स्थापना हुनुपर्ने र यसअघि सरकार र मुक्तकमैया तथा कमलरीसँग भएको सम्झौता पालना हुनुपर्नेमा जोड दिए ।

सांसद सरिताकुमारी गिरीले उखु किसानले आफ्नो उत्पादनले बजार पाउने र रोजगारी पाउने आशामा सस्तो मूल्यमा जग्गा बेचेको भए पनि अहिले व्यवसायीले महँगो मूल्यमा बेचिरहेको बताए ।

सांसद् सरवत आरा खानमले नागरिकता विधेयकका कारण गैरआवासीय नेपाली खुसी भएको र लाखौँ युवाले विगतमा नागरिकता नपाउदा दु:ख पाए पनि अब त्यो समस्या हल भएको बताए ।

सांसद सञ्जयकुमार गौतम नेपाल भारत वाणिज्य सन्धिअनुसार दुईपक्षीय व्यापारका लागि थप पाँच नाका प्रस्ताव भएकामा बर्दियाको गुलरिया पनि एक रहेकाले सीमा नाका सञ्चालनका सरकारलाई माग गरे । सांसद हीरा गुरुङले दण्डपीडित परिवारले विगतदेखि सपना मात्रै बाँडिएकाले अहिले समस्या समाधान गर्न ध्यान दिन माग गरे ।

सांसद शिवमाया तुम्बाहाङफेले संक्रमणकालीन न्यायलाई आफू अनुकूल नभई पीडित अनुकूल बनाउनका लागि सरकारले गरिरहेको कामबारे प्रश्न गरे । सांसद सत्या पहाडीले ज्येष्ठ नागरिक र लक्षित वर्गका समुदायलाई घुम्ति बैंकिङमार्फत सामाजिक सुरक्षा व्यवस्था उपलब्ध गराउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गरे ।

सांसद समिना हुसेनले मधेश प्रदेशमा हिंसात्मक घटना बढ्दो क्रममा रहेकाले दोषीलाई कानुनी कठघरामा ल्याई कारबाहीको माग गरे ।

# ७ सय ५० युवालाई स्वरोजगार बनाइने




कास्की, ८ साउन (रासस)/ पोखरा महानगरपालिकाका युवाहरूलाई लक्षित गरेर युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालन गरिने भएको छ । सो कोषमार्फत पोखराका ७५० युवालाई स्वरोजगार बनाइने लक्ष्य राखिएको छ ।

महानगरपालिकाले चालु आर्थिक वर्षको बजेट कार्यक्रममार्फत सो कोषमा पाँच करोड विनियोजन गरेकामा युवा स्वरोजगार कोष र मुक्तिनाथ विकास बैंकको तर्फबाट समेत पाँच-पाँच करोडका दरले लगानी गरी १५ करोडको कोषमार्फत कार्यक्रम सञ्चालन गर्न लागिएको हो । सो कोष सञ्चालन गर्न त्रिपक्षीय सम्झौताका लागि सैद्धान्तिक सहमति जुटेको पोखरा महानगरका प्रमुख धनराज आचार्यले जानकारी दिए ।

युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक विश्वमोहन अधिकारी, मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत प्रद्युम्न पोखरेल र महानगरका प्रमुख आचार्यबीच कोषमार्फत कार्यक्रम छिट्टै आगाडि बढाउने सैद्धान्तिक सहमति भएको बताइन्छ । कोषमार्फत कृषि क्षेत्रमा लागेका युवा उद्यमीलाई प्राथमिकता दिइने र लगानी गरिने प्रमुख आचार्यले बताए । कृषि उद्यमको माध्यमबाट रोजगारीसमेत अभिवृद्धि हुने विश्वास लिइएको छ । महानगर प्रमुख आचार्यले भने, "हालै युवा स्वरोजगार कोषका कार्यकारी निर्देशक र मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृतसँग बसेर कृषि उद्यमलक्षित गर्दै स्वरोजगार कोषमार्फत युवाहरूलाई प्रोत्साहन गर्ने सम्बन्धमा हाम्रो सहमति भएको छ ।

यसमा हामी तीनवटै पक्षले बराबर रकम जग्मा गर्ने छौँ र बैंकमार्फत नै यसलाई अगाडि बढाउने योजनामा छौँ । खासगरी कृषि क्षेत्रमा केही गर्न चाहने युवालाई लक्षित गरेर महानगरमा रोजगार अभिवृद्धि गर्ने पनि हाम्रो चाहना हो ।"

निर्देशक अधिकारीले अगामी चार वर्षसम्म यो कार्यक्रमलाई अगाडि बढाउने उद्देश्यका साथ आफूहरू अगाडि बढेको बताए । उनले भने, "यो कार्यक्रममार्फत न्यून वर्ग र बेरोजगार युवालाई समेट्ने योजना छ । कोष अगाडि बढाउनका लागि अब औपचारिक सम्झौता गर्ने तयारीमा छौँ ।" उनका अनुसार यो कार्यक्रम सम्झौता भएर कार्यान्वयनमा जान कम्तीमा एक महिना लाग्ने छ ।

# लागुऔषध दुर्व्यसनविरुद्ध सामुहिक प्रयास



काठमाडौँ, ८ साउन (रासस)/ समाजमा बढ्दै गएको लागुपदार्थ दुर्व्यसनविरुद्ध सामाजिकस्तरमा सामूहिक प्रयास थाल्नुपर्नेमा जोड दिइएको छ । मानव अधिकार तथा शान्ति समाज काठमाडौँ शाखाले आइतबार आयोजना गरेको छलफलका वक्ताले आध्यात्मिक र सामाजिक चिन्तनमा भएका बेवास्ताका कारण समाजमा अनुशासनहीनता बढेको र नयाँ पुस्तामा विचलन सुरु भएको बताएका हुन् ।

ढिला नगरी लागुऔषध दुर्व्यसन अन्त्यका लागि सामाजिक स्तरबाट प्रभावकारी अभियान चलाउनुपर्ने खाँचो रहेको कार्यक्रमका वक्ताको भनाइ थियो । कार्यक्रममा पूर्व राज्यमन्त्री मोहनसिंह राठौरले राजधानीमात्र नभइ गाउँगाउँमा लागुऔषध दुर्व्यसनीको अखडा बन्दै गएकोप्रति चिन्ता व्यक्त गरे ।

गोकर्णेश्वर नगर पालिकाका-नगर प्रमुख दीपक रिसालले संस्कार भुल्दै गएकाले समाजमा समस्या आउन थालेको बताए । "हाम्रा सांस्कृतिक पर्वमा विचलन आएको छ, ठीकबेठीक छुट्याउन नसकेकै कारण लागुऔषधको दुर्व्यसन जस्तो कुलतमा युवा पुस्ताको आकर्षण बढेको छ, नगरपालिकाले विद्यालयमा गएर चेतना विस्तारमा सक्रिय रहने योजना बनाएको छ", उनले भने । कार्यक्रममा कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख उपेन्द्र कार्कीले लागुऔषध दुर्व्यसनीको संख्या डढेलो जस्तै फैलिँदै गरेको परिवेशमा घरघरबाट लागुऔषध दुर्व्यसनविरुद्ध चेतना फैलाउनुपर्ने बताए । यसका लागि नगरपालिकाले आवश्यक सहयोग गर्ने उनको प्रतिबद्धता थियो ।

शान्ति समाजका पूर्व सभापति उत्तम पुडासैनीले लागुऔषध दुर्व्यसन अन्त्यका लागि सामूहिक प्रयासका विषयमा कार्यपत्र प्रस्तुत गर्दै यसविरुद्ध सामूहिक प्रयास हुनुपर्नेमा जोड दिए । कार्यक्रममा समाजका केन्द्रीय महासचिव रामकृष्ण बराल, नेपाल किसान संघका केन्द्रीय सदस्य जीवन्ती अर्याल, गान्धी आदर्श माध्यमिक विद्यालय सञ्चालक समितिका अध्यक्ष डा. गणेशराज अधिकारी, कागेश्वरी मनोहरा नगरपालिका-८ का अध्यक्ष हरिभक्त पुडासैनी र वडा नं ६ का अध्यक्ष प्रकाश फुँयालले दुर्व्यसनविरुद्ध ऐक्यबद्धता व्यक्त गरे ।

त्यस्तै तेजविनायक मावि सञ्चालक समितिका अध्यक्ष विदुर ढुङ्गाना, समाजका काठमाडौँ अध्यक्ष भगवान पुडासैनी, सेलिब्रेशन को-एडका संस्थापक आचार्य महेन्द्र भट्टराई, नेप्लिज कम्युनिटी एशोसियशन अष्ट्रेलियाका अध्यक्ष मधुसुदन पुडासैनी, प्याब्सन गोकर्णेश्वरका अध्यक्ष डिएन सिवाकोटी, लिबर्टी एकेडेमीका प्रधानाध्यापक ओमप्रसाद ढकाललगायत वक्ताले लागुऔषध दुर्व्यसनविरुद्ध सामूहिक प्रयासको खाँचोमाथि चर्चा गरेको थियो ।

# पनौतीमा प्याराग्लाइडिङ सञ्चालनको अनुमति

काभ्रेपलाञ्चोक, ८ साउन (रासस)/ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पनौती नगरपालिकास्थित कुशादेवी क्षेत्रमा प्याराग्लाइडिङ सञ्चालनको अनुमति दिएको छ । स्थानीय फुल्चोकी एड्भेन्चर प्रालिले शुक्रबार व्यवसायिक रुपमा प्याराग्लाइडिङ सञ्चालन अनुमति प्राप्त गरेको हो । उक्त स्थानमा प्याराग्लाइडिङ सञ्चालनार्थ नागरिक उड्डयन प्राधिकरणमा प्राविधिक प्रक्रियाको काम भइरहेको जनाइएको छ ।

प्राधिकरणबाट सञ्चालन निर्देशन जारी भएपछि व्यावसायिक उडान गर्ने तयारी गरिने प्रालिका अध्यक्ष छविलाल हुमागाईंले बताए । "मन्त्रालयबाट व्यवसायिक रुपमा प्याराग्लाइडिङ सञ्चालन अनुमति पायौँ, प्राधिकरणले प्राविधिक प्रक्रियाको काम सकेर सञ्चालन निर्देशन जारी भएलगत्तै व्यावसायिक रुपमा सञ्चालन गर्नेछौँ", उनले भने ।

सञ्चालनको अन्तिम तयारीमा रहेको पोखरास्थित क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलका कारण २६ वर्षदेखि त्यहाँ सञ्चालित प्याराग्लाइडिङ व्यवसाय अन्योलमा परिरहेका बेला मन्त्रालयले पनौती नगरको कुशादेवी क्षेत्रमा प्याराग्लाइडिङ उडानको अनुमित दिएको हो । कुशादेवी क्षेत्र तीन वर्षअघि विहावर क्षेत्र पर्यटन महोत्सवका क्रममा गुदूम डाँडाबाट प्याराग्लाइडिङको परीक्षण उडान गरिएको क्षेत्र हो । त्यसबेला १५ प्याराग्लाइडिङद्वारा तीन दिन परीक्षण उडान गरिएको थियो । अन्य दुई समयमा पनि परीक्षण भइसकेको थियो ।

उडान भर्नेस्थान, ल्यान्डिङ, हावाको चाप तथा अन्य वातावरण अनुकूल भएकाले हाल अनुमति पाएको जनाइएको छ । प्याराग्लाइडिङ सञ्चालनका सबै प्रक्रिया पूरा गर्न दुई महिना लाग्ने भएकाले सम्भवत: आउँदो असोजदेखि व्यावसायिक उडान भर्ने योजना बनाइएको हुमागाईंले बताए । उनका अनुसार दैनिक १० प्याराग्लाइडिङले बिहान १० बजेदेखि अपरान्ह चार बजेसम्म उडान अनुमति पाएको हो । तोकिएको समयमा छ हजार ५०० फिट उचाइसम्म 'भिजिबीलिटी' रहने जनाइएको छ ।

प्याराग्लाइडिङ उडानका लागि स्थानीय तीन युवाले अध्ययन गरिरहेको हुमागाईंले बताए । "प्याराग्लाइडिङले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्नुका साथै यस क्षेत्र पर्यटनले प्रचारात्मक हुनेछ", पनौती नपा-२ का वडाध्यक्ष पुरुषोतम अधिकारीले भने । उनका अनुसार कुशादेवी विहावर क्षेत्रको आर्थिक विकासमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ । प्याराग्लाइडिङ गुर्दूम डाँडाबाट उडान सुरुगरी कुशादेवीको बन्चरेटारमा ल्यान्डिङ हुन्छ ।

गुर्दूम डाँडाबाट बन्चरेटार सडकको दूरीका हिसाबले चार किलोमिटर हो । प्याराग्लाइडिङको दूरी करिब एक हजार ५० मिटर छ । उडान भर्ने स्थान समुद्री सतहबाट दुई हजार ३५० मिटर उचाइमा छ भने ल्यान्डिङ हुने स्थान बन्चरेटार एक हजार ३०० मिटरमा छ ।

पनौती नगरले पनि आर्थिक वर्ष २०७९/८० मा साहसिक खेल-पर्यटनलाई प्राथमिकतामा राखेको छ । नगरले यस वर्ष हाईकिङ ट्रेलको विकास, विस्तार तथा प्रचार गर्न आफ्नो नीति तथा कार्यक्रममा उल्लेख गरेको छ ।

यस्तै साहसिक खेलजन्य गतिविधिको प्रवर्द्धनार्थ प्याराग्लाईडिङ, रक क्लाईम्बिङ, साइक्लिङजस्ता इभेन्ट सञ्चालन गरिने योजनामा राखिएको हो । नगरपालिकाले यसअघि गतवर्ष चैतमा पर्यटन प्रवर्द्धनार्थ पर्यटकीय क्षेत्र फुल्चोकी र नागीडाँडामा साहसिक खेल साइकिलिङको सुरुआत गरेको थियो ।

उक्त साहसिक खेल नगरपालिकाको १ नम्बर वडास्थित सबैभन्दा अग्लो पर्यटकीयस्थल फुल्चोकीडाँडाबाट २ नम्बर वडाको नागीडाँडासम्म छ किलोमिटर साइकिलिङ ट्रेलरुट तय गरिएको छ । नगरको आयोजनामा 'फुल्चोकी टावर माउन्टेन बाइक ट्रेल'मा नेपाल, क्यानाडा र भारतका करिब दुई सय राइडरले साइकिलिङ गरेका थिए ।

यसैगरी नेपाल पर्यटन बोर्डले गतवर्ष असोजमा पनौतीको ऐतिहासिक एवं पर्यटकीय क्षेत्र प्रवर्द्धनार्थ घुम्ने स्थान र गर्न पाइने गतिविधि प्रचारमा ल्याएको थियो । यसका लागि बोर्डले पनौती नगर भित्रका ऐतिहासिक सम्पदा एवं पर्यटकीयस्थललाई मान्यता दिँदै प्रचार सामग्रीसमेत सार्वजनिक गरेको हो ।

यस्तै साहसिक खेल पर्यटनका लागि पनौती उपयुक्त स्थान रहेको जनाउँदै नगरमा मनोरञ्जनात्मक कार्य गर्न प्याराग्लाइडिङ, रक-क्लाइमिङजस्ता खेल गर्न सकिने बोर्डले जनाएको थियो । बोर्डले पनौतीको ऐतिहासिक एवं पर्यटकीयस्थललाई प्राथमिकीकरण गरी प्रचारमा ल्याएको हो । बोर्डका अनुसार पनौती-नमोबुद्ध हाईक, बल्थली इको-ट्रेल (लो-ल्याण्ड ट्रेक), साँगा-पनौती हाईक (कम्यूनिटी हाइक), गुर्दुम-महाभारत पदयात्रा, माउण्टेन बाइक (फुल्चोकी वरिपरि), बर्ड वाचिङ (चराको दृष्यावलोकन), योग रिट्रिट, सामुदायिक र निजी होमस्टे, तामाङ सांस्कृतिक पदयात्रा मार्ग, जात्रा-मेला अवलोकन भ्रमण गर्नुपर्ने जनाइएको छ ।

# अपाङ्गता सुनिश्चित रोजगार अभियानमा जोड

काठमाडौँ, ८ साउन (रासस)/ फरक क्षमता भएका ऊर्जावान व्यक्तिलाई रोजगारको अवसर दिलाउने उद्देश्यले त्यस्ता अपाङ्गता भएका व्यक्ति र रोजगार दातालाई एकै थलोमा भेला गराउन रोजगार सम्मेलन (इम्प्ल्यायरर्स मिट) २०२२ को आयोजना गरियो ।

अपाङ्गता सुनिश्चित रोजगार अभियानअन्र्तगत 'अपाङ्गता समावेशी रोजगारका लागि सँगसँगै' भन्ने नाराका साथ सो सम्मेलन आयोजना गरिएको हो । 'द' लेप्रोसी मिसन नेपालको प्राविधिक तथा आर्थिक सहयोगमा राष्ट्रिय अपाङ्ग महासंघ र नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा सञ्चालित रोजगारविहीन अपाङ्गता भएका व्यक्तिका लागि ऊर्जाशील अवसर (फाउण्ड) परियोजनाको आयोजनामा भएको सो सम्मेलनमा रोजगारदाता र रोजगारको खोजीमा रहेका फरक क्षमता भएका व्यक्तिको सहभागिता रहेको थियो ।

सम्मेलनको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले फरक क्षमता भएका व्यक्तिलाई समान रोजगारीको अवसर दिनु सबैको नैतिक जिम्मेवारी भएकाले सम्पूर्ण रोजगारदातालाई त्यस्ता व्यक्तिलाई रोजगारीको अवसर मा प्राथमिकता दिन आग्रह गरे । उनले महासंघको आगामी चैतमा हुने साधारणसभा अगावै कम्तीमा सय जना फरक क्षमता भएका व्यक्तिलाई रोजगारी प्रदान गरिनेछ भने ।

'द' लेप्रोसी मिशन नेपालका राष्ट्रिय निर्देशक शोभाखर कर्णेललले १६६ वर्षअघि स्थापना भएको दि लेप्रोसी मिसन नेपालसहित विश्वका ३२ देशमा कुष्टरोगबाट अपाङ्गता भएका व्यक्तिको पुर्नस्थापना र जीवनस्तर सुधार ल्याउने काममा क्रियाशील रहेको जानकारी दिए । उनले फरक क्षमता भएका व्यक्तिहरुको रोजगार सुनिश्चित गर्न पहिलोपटक आयोजना गरिएको यस विकसिमको सम्मेलन महत्वपूर्ण अवसर हुने बताए ।

सम्मेलनमा सहभागी रोजगारदाता कम्पनीका प्रतिनिधिहरुले निजी क्षेत्र उद्योग व्यवसायबाट नाफा आर्जनमा गर्दैनन्, सामाजिक उत्तर-दायित्वबाट पनि उत्तिकै प्रेरित छन् भन्ने पुष्टि गर्न रोजगारी सिर्जना गर्दा फरक क्षमताका व्यक्तिलाई पनि अवसर दिने प्रतिबद्धता जनाएका दिए ।

अपाङ्गता भएका व्यक्तिहरुसँग असाधारण सीप र क्षमता रहने हुँदा कम्पनीलाई फाइदा हुने र व्यवसायलाई समावेशी बनाउन सकिने हुँदा आगामी दिनमा कामदारका रुपमा नियुक्त गर्दा उनीहरुलाई प्राथमिकता दिइने कम्पनीका प्रतिनिधिहरुको सामूहिक भनाइ थियो ।

सम्मेलनमा कार्यस्थलमा अपाङ्गता समावेशी तथा यस क्षेत्रमा हासिल गरिएका सफलता, चुनौती र अनुकरणीय उपायका अनुभव आदानप्रदान गरिनुका साथै अपाङ्गता समावेशी कार्यस्थल हुने गरी कम्पनीहरुको मानव संशोधन विभागको भूमिका र फाउण्ड परियोजनाका बारेमा प्रस्तुतिकरण गरिएको थियो ।

फाउण्ड परियोजनाले मोरङ, काठमाडौँ, ललितपुर, रुपन्देही र कपिलवस्तुमा ११ वटा परियोजनामार्फत रोजगारमूलक सीप र आत्मविश्वास जागृत गरी समावेशी रोजगारीको अभियानमा काम गर्दै आएको छ ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# विकासका लागि मन्त्रालय बाधक बन्दैन: मन्त्री यादव



चितवन, ८ साउन (रासस)/ वन तथा वातावरणमन्त्री प्रदीप यादवले विकासका लागि वन मन्त्रालय बाधक नबन्ने बताएको छ । भरतपुर महानगरपालिकाले आज यहाँ आयोजना गरेको भरतपुरको विकाससम्बन्धी बहस कार्यक्रमलाई सम्बोधन गर्दै उनले वनका कारण रोकिएका विकासका आयोजना अघि बढाइने बताए ।

महानगरपालिकाभित्र वन क्षेत्रका कारण धेरै आयोजना रोकिएपछि गरिएको बहस कार्यक्रममा मन्त्री यादवले आफू विकास प्रेमी भएकाले वनकै कारण विकासका काम नरोकिने बताए । उनले भने, "समस्या परेका ठाउँमा हामी स्थलगत निरीक्षण गरेर समाधानको उपाय खोज्ने अभियानमा जुटेका छौँ ।" विकल्प खोजेर विकासका कामलाई अघि बढाइने उनको भनाइ थियो ।

भरतपुर-माडी हुँदै ठोरीसम्म जाने हुलाकी सडक लाइफलाइन भएकाले यसको कामलाई रोक्न नहुने उनको भनाइ थियो । आफू पर्साको जनप्रतिनिधि भएकाले यो सडक निर्माणको दायित्व आफ्नो काँधमा रहेको बताए । उनले भने, "हुलाकी सडकमा परेका समस्या समाधानका लागि वन मन्त्रालय आवश्यक निर्णय लिने अन्तिम तयारीमा छ ।" कागजमा हेरेर मात्रै नहुने भन्दै उनले स्थलगत निरीक्षणपछि प्रक्रिया पुऱ्याएर निर्णय गर्न सकिने बताए । भरतपुर महानगरभित्र लालपुर्जा वितरणसहित देखिएका विभिन्न समस्या समाधान गर्न टोली खटाएर निर्णय गर्ने पनि उनको भनाइ थियो ।

भरतपुर महानगर अबको पाँच वर्षमा देशकै नमूना बन्ने गरी विकासको काम भइरहेको आफूले पाएको भन्दै मन्त्री यादवले वन मन्त्रालय यसको बाधक नभएर सहयोगी बन्ने बताए । नगर प्रमुख रेनु दाहालले महानगरीय रिङ्रोड, नारायणीको तटबन्धन, ल्याण्डफिल्ड साइट, अटोल्याण्ड निर्माण क्षेत्र, विद्युतीकरणका काममा, गोलाघाट-नवलपरासी जोड्ने पुल निर्माण लगायतका क्षेत्रमा रुख कटानमा समस्या देखिएको बताए ।

यस्तै सुकुम्बासीको जग्गा वितरण, यातायात कार्यालय स्थापनालगायतका काममा वनका कारण भएका समस्या समाधान गरिदिन उनले अनुरोध गरे । यस्तै नगरवनलाई अन्तर्राष्ट्रिय पार्कको रुपमा विकास गर्न लगानी कर्तासंग सम्झौता भइसक्दासमेत वनका कारण अवरोध भएको भन्दै यसको निकासका लागि आग्रह गरे । सोही अवसरमा वन सचिव डा प्रेमनारायण कँडेलले वनका कारण देखिएका समस्या मन्त्रीस्तर, मन्त्री परिषद् र संसद्मा नै लानुपर्ने भए पनि आवश्यक प्रक्रिया पूरा गरेर लैजान मन्त्रालय तयार रहेको बताए ।

मन्त्री यादवसहितको टोलीले शनिबार माडीमा वनका कारण देखिएका समस्याका बारेमा स्थलगत निरीक्षण गरेको थियो । हुलाकी सडकमा वनका कारण देखिएका समस्याका बारेमा हुलाकी सडक आयोजना निर्देशनालयका आयोजना निर्देशक धर्मेन्द्र झाले जानकारी गराएको थियो ।

जिल्लाका दलिय प्रतिनिधि, स्थानीय निकायका प्रमुखसहित माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वको एक टोलीले केही दिनअघि प्रधानमन्त्री शेरबहादुर देउवालाई भेट गरी समस्याका बारेमा अवगत गराएको थियो । सो क्रममा प्रधानमन्त्री देउवाले यस विषयमा तत्काल सम्बोधन गरिने आश्वासन दिएको थियो । यससँगै नगर प्रमुख दाहालको आग्रहमा मन्त्री यादवको टोली स्थलगत रुपमा निरीक्षण गर्न शनिबार चितवन आएको हो ।

# विकास निर्माणका काममा हामी एकताबद्ध होऔँ: ऊर्जामन्त्री भुसाल

ललितपुर, ८ साउन (रासस)/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले विकासका निर्माणका काममा एकताबद्ध भएर अगाडि बढ्न आग्रह गरेको छ । ललितपुरको गोदावरी नगरपालिका वडा नं १२ ठेचोमा आइतबार 'पाको पार्क' उद्घाटन कार्यक्रममा उनले विकास निर्माण निरन्तरको प्रक्रिया भएकाले सबैको ऐक्यबद्धता आवश्यक हुने बताए ।

मन्त्री भुसालले भने, "विकास निर्माणकार्यमा एउटै मनले समन्वकारी भूमिका निर्वाह गर्नुपर्छ । निर्वाचनका बेला विभिन्न दलका नाममा मत मागे पनि विकासका काममा हामी एक मत छौँ, हुनुपर्छ । सधैँ जनताको काममा एकताबद्ध भएर लाग्छौँ ।" उनले सार्वजनिक जग्गा सदुपयोग गरेर निर्माण गरिएको पार्कले स्थानीयवासीको जीवनशैली विकासमा सहयोग गर्ने विश्वास व्यक्त गरे ।

ठेचोवासीको सुविधाका लागि निर्माण भएको पार्कको उचित संरक्षण र संवर्द्धन गरेर उपयोग गर्नुपर्नेमा जोड दिँदै मन्त्री भुसालले भने, "यो पार्कको उचित संरक्षण र उपभोग गर्ने जिम्मा स्थानीयवासीको हो ।" ७५ लाखभन्दा बढी लागतमा निर्माण भएको सो पार्कमा शारीरिक ब्यायामका लागि आवश्यक पर्ने पूर्वाधार विकास गरिएको छ ।

सो अवसरमा बागमती प्रदेशसभा सदस्य राजकाजी महर्जनले शारीरिक अभ्यास र बालबालिकाका लागि उपयुक्त हुने गरी पार्क निर्माण गरिएको जानकारी दिए । उनले पार्कलाई २४सै घण्टा प्रयोग गर्न सकिने गरी सिसीटिभी र बिजुली बत्तीको उपयुक्त व्यवस्था गरिने बताए । कार्यक्रममा वडा नं १२ का वडाध्यक्ष जगत्बहादुर महर्जनले वडाको विकासमा संघ र प्रदेशबाट भरपर्दो सहयोग प्राप्त भएको बताए ।

# मौद्रिक नीति सकारात्मक भएको महासंघको ठहर

काठमाडौँ, ८ साउन (रासस)/ नेपाल घरेलु तथा साना उद्योग महासंघले स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने गरी सार्वजनिक भएको चालु आवको मौद्रिक नीति स्वागतयोग्य रहेको बताएको छ ।

स्वदेशी वस्तुको प्रवर्द्धन र विकासका लागि बहस पैरवी गर्दै आएको महासंघले माग सम्बोधन हुने गरी स्वदेशी वस्तुको प्रवर्द्धनका लागि कर्जालाई उत्पादनशील क्षेत्रमा लगाउने विशेषता समेटिएको भन्दै नीतिको स्वागत गरेको हो ।

कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना उद्यम र उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिई सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा तथा सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई निरन्तरता दिनु मौद्रिक नीतिका सकारात्मक पक्ष भएको महासंघका अध्यक्ष उमेशप्रसाद सिंहको भनाइ छ ।

लघु, घरेलु तथा साना र मध्यम उद्यमका लागि कर्जा पहुँच बढाई कर्जाको अधिकेन्द्रीकरण क्रमश: कम गर्नेतर्फ मौद्रिक नीतिले जोड दिनु, बैंक तथा वित्तीय संस्थाबाट अधिकतम पाँच करोडसम्म कर्जा उपयोग गरेका उद्यम व्यवसायले २०७९ असार मसान्तसम्म तिर्नुपर्ने कर्जाको सावा तथा ब्याज २०७९ असोज मसान्तसम्म भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाउने व्यवस्था गरिनु मौद्रिक नीतिको राम्रो पक्ष भएको अध्यक्ष सिंहको भनाइ छ ।

बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपक्षी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चापदार्थमा आधाीरत उत्पादनमूलक उद्योगका लागि दुई करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गरिनुजस्ता व्यवस्थाले स्वदेशी उद्योगको प्रवर्द्धन र विकासमा सहयोग पुग्ने देखिएको महासंघको ठहर छ ।

मूल्य र बाह्य क्षेत्र स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थायित्व प्रवर्द्धन गर्ने र वित्तीय साधनलाई उत्पादनशील क्षेत्रमा प्रवाह गराई उत्पादकत्व अभिवृद्धिमार्फत आयात प्रतिस्थापन गर्दै निर्यात अभिवृद्धि गरी आर्थिक वृद्धिलाई सहयोग पुऱ्याउने कार्यदिशा मौद्रिक नीतिले विगतको मौद्रिक नीतिले अवलम्बन गरेका सकारात्मक व्यवस्थालाई निरन्तरता दिनु स्वागतयोग्य भएको महासंघले जनाएको छ ।

# प्रदेश खारेजको माग उठ्केोमा मुख्यमन्त्री पाण्डेको आपत्ति

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ संघीयता र प्रदेश खारेजको माग उठिरहेका बेला बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले मुख खोलेका छन् ।

आइतबार प्रदेशसभा बैठकमा सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले संघीयताविरुद्ध टिकाटिप्पणी नगर्न आग्रह गरेका छन् ।

यसअघि भएको प्रदेशसभा बैठकमा प्रदेश खारेज गर्नुपर्ने माग सांसद्हरुले उठाएका थिए । प्रदेश संरचना खर्चिलो हुँदा मुलुकको अर्थतन्त्रले धान्न नसकेको भन्दै सांसद्देखि सर्वसाधारणहरुले खारेजीको माग गरिरहेका थिए ।

पाण्डेले आइतबारको बैठकमा यसअघि उठेका प्रश्नहरुको जवाफ दिने क्रममा संघीयताबिरुद्धमा अनावश्यक टिकाटिप्पणी नगर्न सांसद्हरुलाई आग्रह गरेका हुन् ।

पाण्डेले प्रदेश सांसद्हरुबाटै प्रदेश संरचना खारेजीको माग उठ्नु आपत्तिको विषय भएको प्रतिक्रिया दिए । संघीय संरचनामा मूलुक अगाडि बढेको ४ वर्षमै संघीयता खर्चिलो भयो भन्न नमिल्ने धारणा राखे । प्रदेशविना संघीय लोकतान्त्रिक गणतन्त्रको परिकल्पना गर्न नसकिने उनको भनाइ छ । सबैको त्याग र बलिदानबाट प्राप्त भएको संघीयतालाई थप मजबुत बनाउनुपर्नेमा पाण्डेको जोड छ । गठबन्धन सरकार देशको स्वाधिनता र अस्तित्व रक्षा गर्न सदैव तयार रहेको दाबी गर्दै पाण्डेले प्रतिनिधिसभाबाट नागरिकता विधेयक पास भएसँगै नागरिकताको समस्या समाधान भएको धारणा राखे ।




**चारवटा विधेयक पेश**

बागमती प्रदेशसभाको आइतबार बसेको बैठकमा चारवटा विधेयक पेश भएका छन् । प्रदेशसभामा दफावार छलफलका लागि सरकारले चार वटा विधेयश पेश गरेको हो ।

मुख्यमन्त्री पाण्डेद्वारा पेश भएको प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक छलफलका लागि प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको छ ।

आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले विभूषण सिफारिस तथा सम्मान र पदक सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक र युवा तथा खेलकुद मन्त्री रत्नप्रसाद ढकालले पेश गरेको प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संसोधन गर्न बनेको विधेयक छलफलका लागि विषयगत समितिमा पेश भएको छ ।

## दीपेन्द्र र प्रतिज्ञालाई स्वर्ण



काठमाडौँ, ८ साउन (रासस)/ विश्व तेक्वान्दो कल्चर एक्स्पोको १५ औं संस्करणको सिनियर पुरुष ८० केजीमाथि तौल समूहमा दीपेन्द्रबहादुर नेपालीले भारतलाई पराजित गर्दै स्वर्ण पदक जितेका छन् ।

दक्षिण कोरियामा भएको खेलमा दीपेन्द्रले पुम्से विधामा पनि स्वर्ण जिते । प्रतिज्ञा भण्डारीले पनि दोहोरो स्वर्ण जितिन् ।

प्रतिज्ञाले ७० केजीमाथि फाइनलमा इजिप्टका खेलाडीलाई हराउँदै स्वर्ण हात पारिन् । प्रतिज्ञाले अर्को स्वर्ण पुम्से विधामा हासिल गरिन् ।

# साउन अन्तिममा आठौं जिल्लासभा गरिने

साझाकुरा संवाददाता



हेटौंडा, ८ साउन/ जिल्ला समन्वय समिति मकवानपुरले आठौं जिल्लासभा साउन अन्तिममा गर्ने निर्णय गरेको छ । जिसस मकवानपुरको आइतबार बसेको ८९ औं बोर्ड बैठकले २५ साउनमा जिल्लासभा गर्ने निर्णय गरेको हो ।

जिल्ला सभामा जिल्ला समन्वय समिति मकवानपुरको नीति कार्यक्रम तथा जिससको चालु आर्थिक वर्ष २०७९/०८० को बजेट पारित गरिने जिसस प्रमुख ललितबहादुर घलानले जानकारी दिए ।

बैठकले जिल्ला समन्वय समितिका सदस्यहरुको कार्यक्षेत्र बाँडफाँडसमेत गरेको छ । स्थानीय तहहरुसँग समन्वय र सहजीकरणका लागि सदस्यहरुको कार्यक्षेत्र बाँडफाँड गरेको प्रमुख घलानले बताए ।

जिसस सदस्य खड्कबहादुर पुलामीलाई बागमती र बकैया गाउँपालिका, सुवर्ण गोपालीलाई थाहा नगरपालिका र ईन्द्रसरोवर गाउँपालिकाको जिम्मेबारी दिएको प्रमुख घलानले बताए ।

यसैगरी, तारा ढुंगानालाई हेटौंडा उपमहानगरपालिका, वीरेन्द्रकुमार लामालाई राक्सिराङ गाउँपालिका, विष्णुमाया थपलियालाई मकवानपुर गढी गाउँपालिका, सुनिता (दर्नाल) परियारलाई मनहरी गाउँपालिका, सुमित्रा थिङलाई भीमफेदी र कैलाश गाउँपालिकाको जिम्मेवारी दिइएको प्रमुख घलानले बताए । बैठकले मकवानपुरका स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको सम्पर्क नम्बर सहितको स्थानीय सम्पर्क डायरी प्रकाशन गर्ने निर्णय गरेको छ । बैठकमा उपप्रमुख सानुकाजी लुईटेलसहित सदस्यहरुको उपस्थिति थियो ।

# बागमतीमा कर्मचारी हटाएपछि एमालेको विरोध



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिकामा करार सेवाका कर्मचारी हटाउँदा राजनीतिक प्रतिशोध साँधिएको भन्दै नेकपा एमालेले बिरोध जनाएको छ ।

गठबन्धनको बलमा गाउँपालिका अध्यक्ष जितेका सर्केश घलानले आफ्ना आफन्त र कार्यकर्ताको करार सेवा नवीकरण गरेपनि १७ जनालाई एमालेको कर्मचारी भएको भन्दै जागिरबाट हटाएको भन्दै बिरोध जनाएको हो । राजनीतिक आस्थाको आधारमा गाउँपालिकाले करार तथा दैनिक ज्यालादारी कर्मचारी हटाएपछि नेकपा एमाले बागमती गाउँ कमिटीले आइतबार गाउँपालिकाको ध्यानाकर्षण भएको जनाएको छ । एमाले बागमतीका अध्यक्ष चन्द्रबहादुर राईले गाउँपालिका उपाध्यक्ष फणिन्द्र तिमल्सिनालाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

गाउँपालिकाले विभेदपूर्वक करार सेवाका कर्मचारी हटाएको एमालेको दाबी छ । हटाइएका कर्मचारीको पुनर्बहालीको एमालेले माग गरेको छ ।

गाउँपालिकाले आन्तरिक स्रोतमा ध्यान नदिँदा चोरी निकासी बढेको भन्दै गाउँपालिकाको ध्यानाकर्षण गराएको छ ।

ध्यानाकर्षण बुझाउने कार्यक्रममा एमाले जिल्ला सचिवालय सदस्य तथा बागमती इञ्चार्ज खेमराज जर्घामगर, जिल्ला सदस्य तथा सहइञ्चार्ज मदन दुरुङ्च्यान, सचिव मनोज नेगी, युव संघ अध्यक्ष प्रकाश सञ्जेललगायतको उपस्थिति थियो ।

# 'माया जाल' श्रव्य दृश्य गीत सार्वजनिक



काठमाडौँ, ८ साउन (रासस)/ 'द भ्वाइस अफ नेपाल सिजन(३' को चौथो वरियाताका प्रतिस्पर्धी गायक ज्वाला राईले नयाँ सांगीतिक सौगात 'माया जाल' सार्वजनिक गर्नुभएको छ ।

प्रेमिल शैलीको यस गीतमा मिलन किराँतीको शब्द रहेको छ भने विक्रम राईको संगीत रहेको छ । देवेश राईले यस गीतलाई संगीत संयोजन गरेको हो । लुटपाटको घटनालाई आधार बनाएर तयार पारिएको म्युजिक भिडियोको कथामा गायक राई खलनायक चरित्रका रूपमा प्रस्तुत हुनुभएको छ ।

'माया त गर्छु भन्छचौ, खै कस्तो छ तिम्रो चाल पो', 'हेर्दा त परी जस्ती छ्यौ, थाहा छैन मनकी कस्ती छ्यौ', 'भेटेको धेरै भाको छैन, पिरती हामीले लाको छैन' लगायत बोलका गीत म्युजिक भिडियोमा समावेश गरिएको छ ।

भिडियोमा मानुषी तामाङ र गायक राईबीच प्रेम र रोमान्सको अभिनयसमेत प्रस्तुत गरिएको छ । भिडियोमा फराज अर्पणको डीओपी र विशाल थापाको छायाङ्कन रहेको छ ।

गायक राईको कन्सेप्ट, सम्पादन र निर्देशनमा भिडियो तयार पारिएको हो । भिडियो गायक राईको युट्युब च्यानल 'ज्वाला राई'मार्फत सार्वजनिक भएको हो ।

यसअघि गायक राईको स्वरमा 'शीतल शीतल', 'दौरा भन्दा खल्ती लामो', 'तिमी फूल' लगायत म्युजिक भिडियो सार्वजनिक भइसकेका छन् ।

# प्रदेश प्रहरी प्रमुख बज्राचार्यको स्वागत



साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) किरण बज्राचार्यको सामुदायिक सेवा केन्द्र मकवानपुर तथा सामुदायिक प्रहरीले स्वागत गरेको छ ।

डीआईजी बज्राचार्यले सामुदायिक सेवा केन्द्रको परिसरमा वृक्षरोपण गरेकी छन् । सामुदायिक सेवा केन्द्रले प्रहरीसँगको सहकार्यमा समुदायलाई भयरहित बनाउन भूमिका खेल्दै आएको छ ।

केन्द्रले आपत्तकालीन सामुदायिक उद्दार केन्द्र तथा एम्बुलेन्स सञ्चालनसमेत ल्याएको छ । स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै डीआईजी बज्राचार्यले महिला तथा बालबालिकाको क्षेत्रमा प्राथमिकताका साथ काम गर्ने प्रतिबद्धता जनाएकी छन् । आपराधिक क्रियाकलापको नियन्त्रण र रोकथामका लागि जनचेतनामूलक कार्यक्रमहरु गर्ने उनले योजना सुनाइन् ।

लागूऔषध दुर्व्यसनी तथा ओसारपसार, साइबर क्राइम नियन्त्रणमा पनि प्रहरीले विशेष योजना बनाएर काम गर्ने बज्राचार्यको भनाइ छ । बागमती प्रदेशभित्र ट्राफिकको समस्या देखिएको भन्दै समाधानमा जनप्रतिनिधिलगायत सर्वसाधारणको पनि साझेदारी हुनुपर्नेउनले बताइन् ।

जिल्ला समन्वय समिति मकवानपुरका निवर्तमान प्रमुख र घुनाथ खुलालले अप्ठ्यारो समयमा पनि सामुदायिक सेवा केन्द्रले महत्वपूर्ण काम गरेको स्मरण गरे । हेटौंडा क्याम्पसका अध्यक्ष आनन्दराम पराजुलीले समुदायमा शान्ति कायम गराउन सबैपक्ष लाग्नुपर्ने बताए । सामुदायिक सेवा केन्द्रका अध्यक्ष राम विष्टको अध्यक्षतामा कार्यक्रम भएको हो ।

# मतदान स्थल र मतदान केन्द्र पुनरावलोकन गरिँदै




काठमाडौँ, ८ साउन (रासस)/ निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर मतदान स्थल र मतदान केन्द्र पुनरावलोकनका लागि कार्ययोजना तयार गरेको छ ।

आयोगले सोका लागि यही साउन १ गतेदेखि भदौ ७ गतेसम्म कार्यक्रम सञ्चालन हुने गरी आयोगको गत असार ३१ गतेको निर्णयअनुसार कार्यक्रम स्वीकृत गरी जिल्ला जिल्लामा पठाइसकिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययीरूपबाट सम्पन्न गर्न पुनरावलोकन कार्यलाई प्रभावकारी बनाउन आइतबार मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समितिको बैठक भएको छ । समितिले आवश्यक पूर्वाधारसहित पायक पर्ने स्थानमा मतदानस्थल तथा मतदानकेन्द्र निर्धारण गरी पुनरावलोकन गर्दै सिफारिस गरी पठाउने सम्बन्धमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गरिदिन नेपाल सरकार, गृह मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयहरूलाई अनुरोध गरेको छ ।

यस्तै समितिले जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट आयोजना गरिएको छलफल कार्यक्रम र बैठकमा अनिवार्यरूपमा सहभागी हुनका लागि सम्बन्धित राजनीतिक दलका जिल्लास्तरीय संगठनलाई आवश्यक निर्देशन हुन आयोगमा दर्ता भएका सबै राजनीतिक दलहरूलाई पत्राचार गर्ने निर्णय पनि गरेको छ ।

# नाडा अटो शो स्थगित

काठमाडौँ, ८ साउन (रासस)/ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले (नाडा) भदौमा आयोजना गर्ने गरी तयारी गरेको यस वर्षको 'नाडा अटो शो-२०२२' स्थगन भएको छ । नाडा कार्यसमितिको आइतबार बसेको बैठकले अटो शो केही समयका लागि स्थगन गर्ने निर्णय गरेको हो ।

नाडाले आगामी भदौ ७ गतेदेखि १२ गतेसम्म काठमाडौँमा अटो शो आयोजना गर्ने तयारी गरेको थियो । सरकारले साउन १ गतेदेखि सवारी साधन आयातमा लगाएको प्रतिबन्ध हटाउने आश्वासनअनुसार अटो शो को तयारी थालेको नाडाले प्रतिबन्ध लम्बिएसँगै अटो शो स्थगन गरेको हो ।

देशमा विदेशी मुद्राको सञ्चितिमा कमी आएको भन्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले साउन १ गते राजपत्रमा सूचना प्रकाशन नै गरी १५० सीसी क्षमतामाथिका मोटरसाइकल तथा स्कुटर र चार पाङ्ग्रे सवारी साधन आयातको प्रतिबन्ध भदौ १४ गतेसम्म लम्ब्याएको छ ।

सरकारले प्रतिबन्ध लम्ब्याएसँगै नाडाले आयोजना गर्न लागेको अटो शो केही समयका लागि स्थगन गरिएको नाडाका महासचिव सुरेन्द्रकुमार उप्रेतीले जानकारी दिए । "सरकारले भदौ १४ गतेबाट सवारी साधन आयातमा लगाएको प्रतिबन्ध हटाए पनि हामीले दशैं अगाडि अटो शो गर्न नसक्ने भयौं, अटो शो आयोजना गरेर मात्र हुँदैन, शोमा देखाउन गाडी ल्याउन सक्ने अवस्था नै नभएपछि हामीले अनिश्चित कालका लागि अटो शो स्थगनको निर्णय गरेका हौं," उनले भने ।

# कारागार व्यवस्थापन विधेयक पारित

काठमाडौँ, ८ साउन (रासस)/ प्रतिनिधिसभाको आइतबारको बैठकमा 'कारागार व्यवस्थापन विधेयक, २०७६' पारित भएको छ ।

राज्यव्यवस्था तथा सुशासन समितिबाट प्राप्त प्रतिवेदनसहित आएको उक्त विधेयक पारित गरियोस् भनी गृहमन्त्री बालकृष्ण खाणले सदनमा प्रस्ताव प्रस्तुत गरेको थियो ।

त्यसपछि विधेयकका बारेमा सदनमा छलफल भएको थियो । सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभाको दोस्रो बैठकमा ध्वनिमतका आधारमा विधेयक सर्वसम्मतिले पारित भएको घोषणा गरे । सभाको पहिलो बैठकमा गणपुरक संख्या नपुगेपछि १५ मिनेट स्थगित भई सञ्चालन भएको दोस्रो बैठकले विधेयक पारित गरेको हो



यसअघि विधेयकमाथिको छलफलमा सांसदहरूले भाग लिएको थियो । उनीहरूले उठाएका प्रश्नको गृहमन्त्री बालकृष्ण खाणले जवाफ दिएको थियो । कारागारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको उक्त विधेयक सरकारले विसं २०७६ मंसिर २९ मा दर्ता गराएको थियो ।

यसअघि पहिलो बैठकमा संसद्को शिक्षा तथा स्वास्थ्य समितिका सभापति जयपुरी घर्तीले योगमाया आयुर्वेद विश्वविद्यालय विधेयकसम्बन्धी समितिको प्रतिवेदन सदनमा पेस गरेको थियो ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन ग्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना